सालपा विकास बैंक लि.
SALAPA BIKAS BANK LTD.
“नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त खोटाङ जिल्ला कार्यक्षेत्र भएको “ख” वर्गको संस्था”
info@salapabikasbank.com.np
www.salapabikasbank.com.np
०३६-४२०४५७

दिक्तेल-१. खोटाङ
फोन नं.: ०३६-४२०६३८/०३६-४२०६३९
diktel@salapabikasbank.com.np

ऐसेलुखर्क शाखा
फोन नं.: ०३६-४१११०२
aiselukharka@salapabikasbank.com.np

सिम्पानी शाखा
फोन नं.: ९८५२८४९६९६
simpani@salapabikasbank.com.np

हलेसी शाखा
फोन नं.: ०३६-४१००३९
halesi@salapabikasbank.com.np

चिसापानी शाखा
फोन नं.: ९८५२८४९४९८
chisapani@salapabikasbank.com.np

बाक्सिला शाखा
फोन नं.: ९८५२८७७१११
baksila@salapabikasbank.com.np

# १४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८३ साल असार ०१ गते)**

**आदरणीय शेयरधनी महानुभावहरुः**

यस सालपा विकास बैंक लि.को मिति २०८३ साल जेठ २२ गते बसेको सञ्चालक समितिको ४७७ औं बैठकको निर्णय बमोजिम बिकास बैंकको १४ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**

मितिः २०८३।०३।१५ गते ।
स्थानः खोटाङ जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा.वडा नं.२ स्थित शुभम फाउण्डेशनको परिसर ।
समयः दिनको ११ बजे ।

**छलफलका विषयहरु**

**क. साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिले तयार पारेको बैंकको आ.व. ०८१।८२ को वार्षिक प्रगती प्रतिवेदन उपर छलफल र अनुमोदन गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष ०८१।८२ को नाफा नोक्शान हिसाब तथा नगद प्रवाह विवरण सहितको अनुसुचीहरु उपर छलफल र अनुमोदन गर्ने ।
३. बैंकको आ.व. ०८२।८३ को लागि बाहय लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने ।
४. आगामी कार्यकालको लागि सञ्चालक समितिको चयन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. बैंकको हालको कार्यक्षेत्र बाहेक थप चार जिल्लामा बैंकको कार्यक्षेत्र विस्तार गर्ने प्रयोजन लगायत अन्य संशोधनका लागि नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, फेरबदल तथा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार संशोधन थपघट गर्न सञ्चालक समिति तथा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियार दिने ।
२. सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने ।
३. विविध ।

**आज्ञाले,**
**श्री योगेन्द्र पुन**
**प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव**

**चौधौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. चौधौं वार्षिक साधारण सभालाई ध्यानमा राखी **मिति २०८३ असार ०३ गते बुधबार (१) एक दिन विकास बैंकको शेयरधनी दर्ता किताब बन्द (Book Closed) रहने छ** । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३ असार ०२ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस विकास बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि (Global IME Capital Ltd.) लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौमा प्राप्त नामसारीका लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन सक्नेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुले उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका वार्षिक साधारण सभा हुने दिन बिहान ९.०० बजे देखी खुल्ला रहनेछ ।
४. छलफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कुनै प्रस्ताव भएमा छलफल गर्न इच्छुक शेयरधनीले साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि(प्रोक्सी) नियुक्ति गर्न इच्छुक शेयरधनीहरुले, प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको केन्द्रिय कार्यालय दिक्तेल खोटाङमा दर्ता गराई सक्नु पर्नेछ। बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिएको प्रोक्सी बदर हुने छ ।
६. प्रोक्सी नियुक्त गरी सक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा निजले दिइसकेको प्रोक्सी स्वतः बदर हुनेछ ।
७. एकै शेयरधनीले एक भन्दा बढी प्रोक्सीहरु दिइसकेको अवस्थामा यस अघि दिइएका सबै प्रोक्सी बदर गरी पछिल्लो प्रोक्सीलाई मान्यता दिइयोस भनी छुट्टै पत्र लेखी साधारण सभा शुरु हुन ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा, अघिल्ला प्रोक्सीहरु स्वतः बदर भएको मानी, पछिल्लो प्रोक्सीलाई मान्यता दिइनेछ ।
८. नाबालक शेयरधनीको सन्दर्भमा, शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न समेत सक्नु हुनेछ।
९. वार्षिक साधारण सभामा शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सभाका अध्यक्ष वा अध्यक्षबाट तोकिएको व्यक्तिले जवाफ दिनु हुनेछ ।
१०.साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र विकास बैंकको केन्द्रिय कार्यालय दिक्तेल खोटाङमा सम्पर्क गर्न हुन वा www.salapabikasbank.com.np मा हेर्न अनुरोध छ ।

**पुनश्चः** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रिय कार्यालबाट प्राप्त गर्न सक्नुहुने छ । आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.salapabikasbank.com.np मा हेर्न अनुरोध छ ।